SAMPLE QUESTION PAPER' ANSWER KEY

विषय नेपाली

कक्षा - XII

निर्धारित समय-3 घण्टा | अधिक्तम अंक-80

| | | |
|---|---|---|
| 1. | **छन्दमा गण कतिवटा हुन्छन्?**<br>ii) आठवटा | |
| 2. | **छन्दशास्त्र कसले रचना गरेका हुन्?**<br>iii) आचार्य पिङ्गल | |
| 3. | **छन्दमा यति भन्नाले के बुझिन्छ?**<br>ii) नरोकिनु | |
| 4. | **तोटक छन्दको लक्षण : ...................................**<br>i) चारवटा सगण क्रमशः | |
| 5. | **शिखरिणी छन्दको लक्षण अनुसार कुन उदाहरण सही छ?**<br>iv) म खाऊँ मै लाऊँ सुखसयल वा मोज म गरूँ | |
| 6. | **निम्नलिखित उदाहरण कुन छन्दमा आधारित छ?**<br>''उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर<br>फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र?''<br>ii) अनुष्टुप | |
| 7. | **'मगण, सगण, जगण, सगण, तगण, तगण र एउटा गुरू' – यो कुन छन्दको लक्षण हो?**<br>iii) शार्दूलविक्रीडित | |
| 8. | **मात्राको आधारमा गणना गरेर लेखिने छन्दलाई ......... भनिन्छ।**<br>iii) मात्रिक छन्द | |
| 9. | **काव्यमा अलङ्कार भन्नाले के बुझिन्छ?**<br>iv) काव्यको गहना | |
| 10. | **अलङ्कार शब्द कसरी बनेको छ?**<br>i) अलम्+कृ+घञ् | |
| 11. | **आचार्य भामहको ग्रन्थको नाम के हो?**<br>iv) काव्यालङ्कार | |
| 12. | **अलङ्कार कति प्रकारका हुन्छन्?**<br>iii) तीन प्रकारका | |
| 13. | **उपमा अलङ्कारका चार तत्त्वहरूः ..................**<br>i) उपमान, उपमेय, साधारण धर्म, वाचकपद | |
| 14 | **'अब चिन्तामात्रै गर्ने कि डाक्टर पनि देखाउने' – यो कुन अलङ्कारको उदाहरण हो?**<br>ii)श्लेष अलङ्कार, | |

| | | |
|---|---|---|
| 15. | **अतिशयोक्ति अलङ्कार भनेको के हो?**<br>iv)उपमानको मात्र वर्णनले उपमेयलाई बुझाउन खोज्नु | |
| 16 | आचार्य भामह कुन शताब्दीका हुन्?<br>iv)ईशाको छैटौँ शताब्दी, | |
| 17. | **यहाँ 'ऋतुराज' भनेर कसलाई भनिएको छ?**<br>i) वसन्त ऋतुलाई | |
| 18. | **पङ्क्तिमा नामशेष भयो भनेर कसको शेष भएको कुरा गरिएको छ?**<br>ii)शिशिर ऋतुको | |
| 19. | **ऋतुनायकको स्वागत कसले गर्छ भनेर भनिएको छ?**<br>iii)पशुपक्षी लतावृक्ष लगायत चराचरले | |
| 20. | **कविलाई कसले वीणा बजाएको जस्तो लाग्छ?**<br>i) भमराले | |
| 21. | **यहाँ नाच्ने काम कोबाट भएको देखिन्छ?**<br>i) पुतलीबाट | |
| 22. | **'शान्तिको जल छर्केको खुला आनन्दको पथ।' -यहाँ 'पथ' शब्दको अर्थ के हो?**<br>ii) बाटो | |
| 23. | **शुभशासन कसले गर्छ भनेर भनिएको छ?**<br>iii) वसन्तऋतुले | |
| 24. | **लतावृक्ष कतिबेला फूल छर्दछन्?**<br>iii)पुतली नाचेको बेला | |
| 25. | **हिमालमा जाड़ो कुन समयमा हराएको छ?**<br>i) शिशिर ऋतुको शेषपश्चात् | |
| 26. | **एक वर्षमा कतिवटा ऋतुहरू हुन्छन्?**<br>ii) छवटा | |
| 27. | **कविले छातालाई केसँग तुलना गरेका छन्?**<br>iii) कमलसँग | |
| 28. | **कसको घरमा श्रीसम्पत्तिको नाउँमा एकसरो ओड्ने ओछ्यानेमात्र थियो?**<br>iv) मालिनीको घरमा | |
| 29. | **मालिनीलाई कसले टोकरी दिएको थियो?**<br>iii)कमानले | |
| 30. | **मालिनीले किन कुना काप्चा हेरी?**<br>ii) केही छुट्यो कि भनेर | |
| 31. | **जसेले पिठिउँमा के बोक्यो?**<br>ii) टोकरी | |
| 32. | **मालिनी कुन कमानमा काम गर्थी?**<br>i) मेकी कमान | |

| | | |
|---|---|---|
| 33. | **जसे र मालिनी कुन उपन्यासका पात्रहरू हुन्?**<br>iv)जुनेली रेखा | |
| 34. | **कसको भोटे कुकुर भुकेको सुनिएको थियो?**<br>iv)बड़ासाहेबको | |
| 35. | **मालिनीले दुनियाँ बिचेत भएको बेला के गरी?**<br>iii)कमानबाट विदा लिई | |
| 36. | **मालिनीको डर कहाँ पुगेपछि हरायो?**<br>i) सेती खोलाको साँघु नाघेपछि | |
| 37. | **दिइएको अनुच्छेदमा कुन-कुन कमानको कुरा गरिएको छ?**<br>ii) मेकी र हेली कमान | |
| 38. | **जसे र मालिनी कहाँ आइपुग्दा भालेको पहिले डाक सुनियो?**<br>iii) हेली कमानको शिरमा आइपुग्दा | |
| 39. | **ऋतुविचचर खण्डकाव्य कसले रचना गरेका हुन्?**<br>i) लेखनाथ पौड्याल | |
| 40. | **जेठ-आषाढ़मा कुन ऋतु पर्छ?**<br>ii)ग्रीष्म ऋतु | |
| 41. | **एक वर्षमा कतिवटा ऋतुहरू हुन्छन्?**<br>iii)६वटा | |
| 42. | **ऋतराज भनेर कुन ऋतुलाई भनिन्छ?**<br>i)वसन्त ऋतु | |
| 43. | **मालिनीको पहिलाको लोग्नेको नाम के हो?**<br>iii)धने | |
| 44. | **जुनेली रेखा उपन्यासका रचनाकार को हुन्?**<br>iv)इन्द्र सुन्दास | |
| 45. | **कसले कसलाई भनेको- ''किन यँा आएर बसिरा'को? जाऊ आफ्नो घरमा, उठ यो सिकुवा लिप्छु। कस्तो लाज पचेको मान्छे''।**<br>i) मालिनीले जसेलाई | |
| 46. | **'गाल पर्नु' शब्दको अर्थ के हुन्छ?**<br>ii)लाज पर्नु | |
| 47. | | |
| **क.** | रने बजारबाट फर्कँदै गर्दा स्वास्नीमानिसको पसलमा चिया खान पसेको थियो। त्यतिबेला उसँगको गफगाफमा त्यस स्वास्नीमानिसले आफ्नो पोइ मरेको र एक्लै बसेको कुरा खोलेको र फेरि-फेरि आउँदै गर्नु भनेर मीठो स्वरमा भनेको कारण अब उसैसँग भविष्यमा घरजाम गर्ने विचार गरेर छिटोभन्दा छिटो पैसा कमाउने सपनाका कारण रनेमा माछा मार्ने स्फूर्ति बढ़ेर आएको थियो। | **2** |

| | | |
|---|---|---|
| **ख.** | दर्के पानी परेर भर्खर रहेको थियो। दक्षिणको उत्ताउलो हावाले सेतिँदै गएका बादलका मसिना दुक्राहरूलाई छातछुत गरेको थियो। बादल फाटेको ठाउँठाउँमा पखालिएको नीलो आकास देखिन्थ्यो। विद्वेषको कतै चिह्न थिएन। एकपटक बहुलाही भउपछि प्रकृति चकमन्न थिई। खालि बादलको आँसुले पखालिएको खहरेमात्र हुनहुन् गरी गर्जिरहेथ्यो। खोलाको गर्जन पहाड़को चेपचापभित्र पसेर प्रतिध्वनित हुन्थ्यो।<br>**अथवा**<br>आकाश मेघाच्छन्न थियो। पानी पर्ला-पर्ला जस्तो, मेघले भीमनाद गरिरहेको, खोलो हर्रर ध्वनिसित बगेको, बिजुली चम्किरहेको, मेघ गर्जिरहेको, पहाड़को टाकुरामाथिबाट ठूलो स्वरले भेल हुनहुनाएको प्राकृतिक परिवेश थियो। | 3 |
| **ग.** | काली अनि नीली, कोप्ची फेरि चिम्सी, छ्याकटी, छवाँकी, डेरी, नेप्टी, खुँड़ी, गाला कञ्चट गढ़ेकी, च्युँड़ो बाङ्गो भएकी, ओठ डल्ला परेकी, रौं थोरै भएकी, निधार माथिसम्म खुइलेकी, आँखी भौं परेला झरेकी, नराम्री ख्याक, प्रत्येक रोगले उसलाई मार्न नसके पनि प्रहार गरेको शास्त्रघातले समय नपुग्दै उसका निधार, गाला र ओठ वरिपरि दाग लगाएर चाउरी पारेका थिए।<br>**अथवा**<br>मनुष्यको सम्झाइका दुई खण्ड छन्, स्वार्थ र परार्थ। परपीड़नले स्वार्थ पटाउन खोज्नु अधम हो, स्वार्थद्वारा परार्थ पटाउनु मध्यम, परार्थद्वारा स्वार्थ पटाउन खोज्नु उत्तम हो। कोही निस्वार्थताको कल्पना गर्छन्, आत्मसन्तोष पनि नलिने निःस्वार्थी बौलाहा मात्र हुन सक्तछ, अनि उसले गरेको परोपकार नजानी-नजानी मात्र हुन्छ। | 3 |
| 48. | | |
| **क.** | यो निबन्ध भाषाप्रेमसँग सम्बन्धित छ। आजको दुनियाँ अंग्रेजी भाषामा मोहित भएको देखेर देवाकोटाले व्याङ्ग्यात्मक भावमा यसको रचना गरेका छन्। देवकोटाको मनसाय अंग्रेजी पढ़्दै नपढ़्नु भन्ने पनि होइन। तर आफ्नो भाषा बिर्सन थालेको जुन आजको स्थिति छ यसप्रति उनले सजक र सचेत गराउन चाहेका छन्। हामीले केवल अर्काको भाषामात्र सिक्न चाहेमा भविष्यमा हामी केवल उनीहरूको दासमात्र बन्न पुग्छौँ। अर्काको विषयमा जान्दा-जान्दै आफूले आफूलाई पनि चिन्न र जान्न आवश्यक छ। यदि हामीले भाषा नै जानेनौँ भने त्यससँग सम्बन्धित सबै कुरा हाम्रो निम्ति नौलो विषय बन्न पुग्छ र पछि अर्काले जे भन्यो त्यहीलाई सही मान्ने अवस्था हुन्छ भनेर देवाकोटाले सचेतनाको निम्ति यस निबन्धको रचना गरेको देखिन्छ। | 4 |
| **ख.** | देवकोटा आठ वर्षको हुँदा नै उनका दाज्यूले महिनाको तीनसयभन्दा धेरै कमाउथे। उनकी माताले पनि दाज्यूजस्तै हुनुपर्छ भनेको र दाज्यूमा पनि मास्टरमा हुनुपर्ने जस्तो धाक, रवाफ, दवावट र गाम्भीर्य भएका कारण उसलाई पनि दाज्यू जस्तै आदर्श व्यक्ति हुने रहर जागेको थियो। | 4 |
| 49. | | |
| **क.** | बन्दिनी एकाङ्कीको सार प्रस्तुत गर्नुहोस्। यो नारीवादी एकाङ्की हो। यसले नारीका समस्यालाई उठाएको छ। नारीवादलाई आधार बनाएर भष्टाचार, अन्याय र शोषणको विरोधमा पनि यसले विचार प्रस्तुत गरेको छ। यसमा समाज निर्माणमा कति पनि कञ्जुस्याइँ नगरी स्वतन्त्र रूपमा अगाड़ि बढ़्न सक्ने क्षमता राख्नुपर्छ। | 3 |

| | | |
|---|---|---|
| ख. | खाने मुखलाई जुँगाले छेक्दैन। कलम त साधन हो साध्य होइन। यसैले याद राख... म लेख्छु। मेरो मस्तिष्कमा बिझेका ती कुराहरू कसले मेटाउन सक्छ। मेरो शरीरमा एक थोपा रगत बाँकी रहञ्जेलसम्म म लेख्छु। रगतको मसीमा केशका कुचीले यही बन्दीगृहको पर्खालभरि लेख्छु। मेरो लेखनीलाई न ता तलवारको धारले, न ता नगदनारायणले विचलित गराउन सक्छ। म एउटा साँचो इतिहास लेख्छु। | 3 |
| ग. | नक्कल पार्नु, भाव प्रदर्शन गर्नु र हावभावको माध्यमबाट दर्शकलाई मनोरञ्जन दिनु। | 2 |
| 50. | | |
| क. | नेपाली, हिन्दी, बंगाली, मैथिली, राजस्थानी, असमिया, आदि। | |
| ख. | भारोपेली भाषापरिवारको। | |
| ग. | नेपाली भाषा | |
| घ. | खण्डखाद्य। | |
| ङ. | मोहनप्रसाद खनाले। | |
| 51.क. | भूमिका- 1<br>मुख्य विषय-2<br>निष्कर्ष-1<br>शब्द सीमा-1 | 5 |
| ख. | पठाउनेको ठेगाना र मिति- 01<br>सम्बोधन- 0.5<br>पत्रको मुख्य भाग- 02<br>निष्कर्ष वा अन्त गराइ- 0.5<br>खाममा लेख्नुपर्नेः पाउनेको नाम र ठेगाना-1<br>**अथवा**<br>सम्बोधन एवं मिति- 2<br>पत्रको मुख्य विषय/भाग- 2<br>निष्कर्ष- 1 | 5 |